जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC), सिरहाको बैठक ;

प्रमुख जिल्ला अधिकारी प्रदीपराज कणेलज्यूको अध्यक्षतामा आज मिति २०७८/०८/१६ गते बिहिवारका दिन जिल्ला प्रशासन कार्यालय, सिरहामा बस्यो ।

**उपस्थिति:**

प्रमुख जिल्ला अधिकारी, श्री प्रदीपराज कणेल, जिल्ला प्रशासन कार्यालय, सिरहा - संयोजक

सदस्य – प्रमुख सेनानी, श्री सुमन थापा, श्री शेर गण चोहर्वा, सिरहा

प्रहरी उपरीक्षक, श्री हिरा वहादुर पाण्डे , जिल्ला प्रहरी कार्यालय, सिरहा , सदस्य

सशस्त्र प्रहरी उपरीक्षक, श्री दिपेन्द्र गिरी , सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण हे.क्वा. , सिरहा, सदस्य

जिल्ला समन्वय अधिकारी, श्री सुजित कुमार यादव, जिल्ला समन्वय समितिको कार्यालय, सिरहा, सदस्य

ब.अ.स., श्री पंकजराज चौधरी, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, सिरहा, सदस्य

सदस्य - श्री मे.सु. डा नागेन्द्र प्रसाद यादव, सिरहा अस्पताल, सिरहा

**आमन्त्रित:**

समन्वय प्रमुख, श्री राम चन्द्र ठाकुर, जिल्ला समन्वय समिति, सिरहा

स.प्र.जि.अ., लालवावु कवारी, जिल्ला प्रशासन कार्यालय, सिरहा

सभापति, श्री राजदेव यादव, नेपाल रेडक्रस सोसाइटी, सिरहा शाखा, सिरहा

केन्द्रीय परिषद् सदस्य - श्री देव कुमार यादव, नेपाल पत्रकार महासंघ

अध्यक्ष, श्री प्रमोद कुमार पौद्दार, सिरहा उद्योग बाणिज्य संघ, सिरहा

प्रमुख जिल्ला अधिकारी

**जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC) सिरहाको बैठक मिति २०७८/०८/१६ गते।**

**बैठकको कारवाही एवम् निर्णय**

१. DCMC को यस अधिको निर्णय कार्यान्वयन गर्ने।

२. कोभिड-१९ व्यवस्थापन कोषमा हाल स्थानीय तहबाट प्राप्त जम्मा रु.७,००,०००/- , संघीय कोरोना कोषमा रु.४९,४२०/- र प्रदेश कोरोना कोषमा रु.११,९४,८९८/- गरी जम्मा रु १९,४४,३१८/- रहेको व्यहोरा बैठकमा अवगत भयो।

३. जिल्ला कोभिड व्यवस्थापन समिति सिरहाको मिति २०७८/०१/१३ को निर्णय नं. २ (ख) बमोजिम तपसिलमा उल्लेख स्थानीय तहहरुले निर्णय कार्यान्वयन गरी जिल्ला कोभिड कोषमा रकम दाखिला गरेको व्यहोरा बैठकमा अवगत भयो।

**तपसिल:**

| **क्र.स.** | **स्थानीय तहको नाम** | **रकम रु.** | **कैफियत** |
|---|---|---|---|
| १ | सिरहा न.पा. | १,००,०००/- | |
| २ | सुखिपुर न.पा. | १,००,०००/ | |
| ३ | मिर्चैया न.पा. | १,००,०००/ | |
| ४ | अर्नामा गा.पा. | १,००,०००/ | |
| ५ | बिष्णुपुर गा.पा. | १,००,०००/ | |
| ६ | लक्ष्मिपुरपतारी गा.पा. | १,००,०००/ | |
| ७ | नरहा गा.पा. | १,००,०००/ | |
| | **जम्मा रकम रु.** | **७,००,०००/-** | |

वाँकी स्थानीय तहहरुबाट समेत कोभिड संकट व्यवस्थापनकालागि कोभिड कोषमा सो वक्यौता रकम पठाई दिन अनुरोध गर्ने।

४. तत्कालीन DCCMC सिरहाको मिति २०७८/०१/२८ बैठकको निर्णय नं. ५ (क) अनुरुप सिरहा अस्पतालकोलागि अक्सिजन प्लान्टमा रिफिल (कम्प्रेसर बुस्टर) प्लान्ट जडान गर्न श्री इलाईट ग्रुप मेडिकल सोलुशन्स प्रा.लि., पदमाकोलोनि, काठमाडौंलाई प.स. ०७७/०७८ च.नं. ६११८ मिति २०७८/०३/२१ मा कार्यादेश दिईएको र उक्त फर्म सप्लायर्सले कार्यादेश तथा सम्झौतामा उल्लेख भएको मितिसम्ममा आपूर्ति (ढुवानीको कारण) गर्न नसकिएको र मिति २०७८/०८/०१ मा कार्यालयमा आपूर्तिकर्ताको प्रतिनिधी उपस्थित भई समान नेपाल आई सकेको मौखिक जानकारि गराएको हुँदा, हाल समेत कोभिड संकट व्यवस्थापन गर्न आवश्यक नै रहेको हुँदा उक्त रिफिल प्लान्ट (कम्प्रेसर बुस्टर) आवश्यक्ता महसुश भई आपूर्ति गर्न दिने तथा सो

नेपाल ... जिल्ला ... सिराहा

को सम्झौतामा उल्लेखित रकम मध्येबाट पूर्व सम्झौता अनुरुप सिरहा अस्पतालबाट जडान गरेको भनी सिफारिस भई आएपछि करसहित रु.२३,६५,०००/- मा कर कटाई कोभिड कोषबाट पुग्ने जति हाल भुक्तानी दिई बाँकी रकम स्थानीय तहबाट वा अन्य स्रोतबाट जम्मा हुन साथ निज सपलायर्सको बैंक खातामा जम्मा गरी भुक्तानी दिने ।

२०७८।८।१६

प्रमुख जिल्ला अधिकारी